कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ६९, २०७९-२०८४
मिति २०८२/१०/२५ को
निर्णय प्रमाणित ..............

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ६९, २०७९-२०८४)

मिति : २०८२ माघ २५ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. यस नगरपालिकामा रहेका विभिन्न समितिहरुको देहाय बमोजिमका बैठकका निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने ।
   क. विपद व्यवस्थापन समितिको मिति २०८२/१०/१९ गतेको निर्णय
   ख. भूमी सम्बन्धी गठित अधिकार सम्पन्न समितिको मिति २०८२/०४/२५ को निर्णय

३. यस नगर कार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगी(चौंथो स्तर) मा कार्यरत रही ५८ वर्ष उमेर हदका कारण मिति २०८२/०९/२५ गतेदेखि लागु हुने गरी अनिवार्य अवकाश हुनु भएका श्री बिक्रम थारुले स्थानीय स्वायत्त शासन नियमावली, २०५५ बमोजिम पाउनुपर्ने संचित घर बिदा, बिरामी बिदा र उपदान वापतको रकम कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्ने ।

४. कोहलपुर नगरपालिकाको ९औं अन्तर मा.बि/ आ.बि. मेयर कप रनिङ् शिल्ड तथा १८औं नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद छनौट प्रतियोगिता २०८२ मा कपर्दी फाईनल खेल खेल्दाखेल्दै श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, कोहलपुर १२ का छात्रा श्री दिलमाया हमालको दाहिने हात भाँचिएकोमा निजको औषधी उपचारका लागि रु.५५,०००।(पचपन्न हजार) आर्थिक सहायता उपलब्ध गराउने ।

५. श्री सिद्धार्थ मा.बि. कोहलपुर ५ मा बाउण्ड्री वाल निर्माणका लागि आ.ब. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. १०९ विद्यालय पूर्वाधार निर्माण तथा गुणस्तर अभिबृद्धि कार्यक्रम शीर्षकबाट रु.२,२१,०००।– भुक्तानी दिने ।

६. सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी जवान तालिम शिक्षालय, नौवस्ता, बाँकेमा प्रतिक्षालय लगायत आन्तरिक मर्मत सम्भार कार्यका लागि विभिन्न (सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.९०,०००।– बराबरको सामाग्री उपलब्ध गराउने ।

७. २०८२ साल फागुन १५ गते पर्न गएको ४४औं राष्ट्रिय मगर एकता दिवस (पर्व)को दिन कोहलपुर नगरपालिका र नगरक्षेत्रभित्रका सम्पूर्ण विद्यालय एवं संघसंस्थाहरुमा सार्वजनिक विदा दिने । नेपाल मगर संघ, नगर कार्यसमिति, कोहलपुर, बाँकेबाट उल्लेखित दिवस(पर्व) मनाउनका लागि प्रस्तावना पेश भएकोमा कार्यक्रम सञ्चालनका लागि नेपाल मगर संघ, नगर कार्य समिती, कोहलपुर लाई सि.नं. ५१० मगर दिवस कार्यक्रम खर्च शीर्षकबाट रु.२(दुई) लाख रकम उपलब्ध गराउने ।

गज बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत



CamScanner

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ६९, २०७९-२०८४
मिति २०८२/१०/२५ को
निर्णय प्रमाणित ................

८. जाजरकोटी समाज बाँकेलाई खाँडो नाँच सम्बन्धी तालिम कार्यक्रमका लागि धर्म, कला संस्कृति संरक्षण तथा प्रबर्द्धन कार्यक्रम शीर्षकबाट रु.१,५०,०००।- उपलब्ध गराउने ।

९. नुरी जामा मस्जिद ईदगाह र करवला संचालक समिति, कोहलपुर ४, बाँके लाई मुस्लिम धर्मावलम्बीहरुको चाड (उर्स जल्स) उत्सवका रुपमा मनाउनका लागि मुस्लिम समुदाय लक्षित दिवशीय तथा विविध धार्मिक कार्यक्रम शीर्षकबाट रु.१,००,०००।- उपलब्ध गराउने ।

१०. कोहलपुर न.पा. ६ बुद्धचोकदेखि दक्षिण राधाकृष्ण चोक जोड्ने बाटो स्तरोन्नतीका लागि भैपरी आउने पुँजिगत शीर्षकबाट रु.२,५०,०००।- भुक्तानी गर्ने ।

११. कोहलपुर नगरपालिकाका जेष्ठ नागरिकहरु सँग सत्संगका लागि सि.नं. ४२ धर्म, कला संस्कति संरक्षण तथा प्रबर्द्धन कार्यक्रम शीर्षकबाट रु.१,००,०००।- उपलब्ध गराउने ।

१२. कोहलपुर नगरपलिका वडा नं. ११ स्थित खुल्ला मंचमा कोहलपुर नगरपालिकाद्वारा आयोजिति तिज विशेष कार्यक्रमका लागि टेण्ट, कुर्चि साउण्ड सिस्टम लगायतका सामाग्री उपलब्ध गराए वापत तिलसरा क्याटरिङ्ग सेवा, कोहलपुर १०, बाँकेलाई भैपरी आउने चालु शीर्षकबाट रु.६४,११५।- भुक्तानी गर्ने ।

१३. कोहलपुर नगरपालिका वडा नं. ११ स्थित प्रबुद्ध जेष्ठ नागरिक मंच कोहलपुर ११ बाँकेमा नियमित शनिवारीय कार्यक्रममा उपस्थित बुद्ध आमाबुवा जेष्ठ नागरिकहरुलाई तिज पर्वको अवसरमा दर खुवाउने कार्यका लागि सि.नं. ४२ धर्म, कला संस्कति संरक्षण तथा प्रबर्द्धन कार्यक्रम शीर्षकबाट रु.२०,०००।- भूक्तानी गर्ने ।

१४. कोहलपुर बरघर नगर समिति, कोहलपुर बाँकेलाई बरघरहरुको क्षमता विकास कार्यक्रम सञ्चालनका लागि आ.ब. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १४१ सि.नं. ५१ बडघरहरुको क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम(नियमित) र प्रशासनिक खर्च समेत शीर्षकबाट रु.५,००,०००।- उपलब्ध गराउने ।

१५. कोहलपुर न.पा. ०८ निवासी श्री विकास उपाध्यायले घर निर्माणको धरौटी वापत राखिएको रकम रु. १०,००० आ.व. २०८१/०८२ धरौटी भौ.नं. १३० बमोजिम सदर स्याहामा परेकामा, नीजले मिति २०८२/०२/२१ दर्ता नं. २७१९ बमोजिम घरनक्सापासको इजाजत नविकरण तथा धरौटी जफत नगरिदिनुहुन सम्बन्धी पत्र पेश गरेको देखिएकाले नीजको सदर स्याहा भएको धरौटी रकम भैपरी आउने चालु खर्च बाट भुक्तानी दिने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

CamScanner